मिति -२०८१/०९/२७
बैठक सङ्ख्या - ८
समय -
स्थान : कुम्मायक गाँउपालिकाको कार्यालय

आज मिति २०८१ पौष २७ गते शनिवारको दिन यस कुम्मायक गाँउपालिकाका अध्यक्ष श्री वंम प्रसाद लावतीज्यूको अध्यक्षतामा गाँउकार्यपालिकाको वैठक बसि तपशिलको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति :

| क्र. स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वम प्रसाद लावती | अध्यक्ष | |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | श्री देवेन्द्र कुमार लावती | सदस्य | |
| ४ | श्री बालकृष्ण शेर्मा | सदस्य | |
| ५ | श्री बाबुराम कार्की | सदस्य | |
| ६ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | सदस्य | |
| ७ | श्री निर्मल राज घिमिरे | सदस्य | |
| ८ | श्री धन माया तामाङ | सदस्य | धनमाया |
| ९ | श्री वेद माया चापागाई | सदस्य | |
| १० | श्री गंगा देवी बोहोरा | सदस्य | गंगा |
| ११ | श्री लक्ष्मी नेपाली | सदस्य | |
| १२ | श्री इन्द्रसरी विश्वकर्मा | सदस्य | |
| १३ | श्री डिक बहादुर दर्जी | सदस्य | |
| १४ | श्री गणेश अधिकारी | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १५ | बिपिन निरौला | लेखापाल | |
| १६ | पवन लिम्बु | प्रशासन सहायक | |
| १७ | [illegible] लिम्बु | [illegible] | |

प्रस्तावहरु

१ मिति २०८१।०९।२९ गते हुने गाउँसभामा पेश गर्ने बिधेयक सम्बन्धमा

२ बिपद् पडितहरुका लागि आर्थिक सहयोग सम्बन्धमा

निर्णय नं १

मिति २०८१ पौष २९ गते हुने गाउँसभामा वडाबाट प्रस्ताब भएका एवं गाउँपालिकाबाट तयार गरिएका विषयहरु समाबेश गरी देहाय बमोजिम संशोधित आर्थिक र बिनियोजन बिधेयक उपाध्यक्ष मार्फत पेश गर्ने निर्णय गरियो ।

सभाअध्यक्ष ज्यू,

अव म चालु आव २०८१/०८२ को **संशोधित विनियोजन विधेयक, २०८१ को प्रस्ताव** मिति २०८१ असार १० गते पारित गरेको नीति तथा कार्यक्रमको निरन्तरता दिदै आगामी कार्यक्रम प्रस्तुत गर्न चाहान्छु-

**कुम्मायक गाउँपालिकाको चालु आर्थिक बर्ष २०८१/२०८२ (हिउंदे अधिवेशन) को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको**

**संशोधित विनियोजन विधेयक,२०८१**

**प्रस्तावना** : कुम्मायक गाउँपालिकाको **चालु** आर्थिक वर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कुम्मायक गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भ:** (१)यस ऐनको नाम " कुम्मायक गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२ **आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१)चालु आर्थिक वर्ष २०८१।०८२ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी मिति २०८१।०३।१० गते पारित भएको जम्मा रकम रु **३७ करोड १५ लाख २७ हजार ४ सय ७०** र चालु आ व मा भएको आन्तरिक आम्दानी अल्या सहित संशोधन विनियोजन यस अधिवेशनमा पेश भएको रु **२,०६,५२,७८७।२५** समेत गरी जम्मा रकम **३९ करोड २१ लख ८० हजार २ सय ५७ रुपैया २५ पैसा** नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।०८२ को निमित्त कुम्मायक गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त शंसोधित विनियोजन पेश गरेको छु ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सादा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सावा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

४ **निर्देशिका, कार्यविधि, मापदण्ड वा मार्गदर्शन बनाउन सक्ने -**

(१) यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड वा मार्गदर्शन बनाउन सक्नेछ।
(२)यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

अध्यक्ष ज्युको अनुमतिले यस सम्मानित गाँउसभाको चालु आर्थिक बर्ष २०८१/२०८२ को कार्यक्रम तथा वजेट संशोधन एवंम् गाउँपालिकाको आन्तरिक आय र अल्या समेत रु. २,०६,५२,७८७।२५ (दुई करोड छ लाख बाउन्न हजार सात सय ८७ रुपैया २५ पैसा ) को विनियोजित कार्यक्रम तथा बजेट यस सभाको अधिवेशन समक्ष प्रस्तुत गर्न चाहान्छु।

| | |
|---|---|
| आन्तरिक आय अल्या समेत (हिउँदे अधिवेशन) बाट बिनियोजन भएको रकम | क) १ करोड ६५ लाख ३ सय ६७ रुपैया ११ पैसा<br>ख) आन्तरिक आम्दानी २७ लाख ५२ हजार ४ सय ६८ रुपैया १४ पैसा<br>ग) मालपोतबाट प्राप्त हुने अनुमान ९ लाख<br>घ) बिद्युतबाट फिर्ता रकम ४ लाख ९९ हजार ९ सय ५२ रुपैया<br>जम्मा<br>२ करोड ६ लाख ५२ हजार ७ सय ८७ रुपैयाँ २५ पैसा |

१. १५ औ गाउँसभाले निर्णय गरेका नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै देहाय बमोजिम आयोजनाहरुमा देहाय बमोजिम बजेट तथा कार्यक्रम शंसोधनका लागि पेश गरेको छु ।

**अनुसूची - १ संशोधित कार्यक्रम तथा वजेट**

| वडा नं | आयोजनाको नाम | रकम | शंसोधन | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पृथ्बि मा बि शौचालय निर्माण | २ लाख | पृथ्बि मा बि हिरक महोत्सब स्मारिका प्रकाशन | २ लाख | |
| २ | १००० दिनका गर्भवती महिला तथा शिशुको लागि पोषण | १ लाख | १ फ्रिज खरिद<br>२ कार्यालय कुर्सि | ७५ हजार<br>२५ हजार | |
| २ | मुख्य सडक मर्मत | १लाख | झयटार भुजेल डाडा हुदे कृषि पोखरी | १ लाख ५० हजार | ५० हजार थप भएको |
| २ | मुख्य सडकमा कुलो निर्माण तथा व्यवस्थापन | १लाख | मुख्य सडकमा सोलिङ | १ लाख | |
| २ | सरस्वति आ वि बालमैत्री कोठा व्यवस्थापन | १ लाख | सरस्वति आ वि फर्निचर | १ लाख | |
| २ | शिद्ध सरस्वति मा वि राष्ट्रपति रनिङ शिल्ड व्यवस्थापन | ८० हजार | शिद्ध सरस्वति मा बि फर्निचर | ८० हजार | |
| २ | बाघखोर गुर्धुम सडक मर्मत | ३ लाख | बाघखोर गुर्धुम सडक निमाण | ३ लाख २० हजार | २० हजार थप भएको |
| २ | भलिबल प्रशिक्षण कार्यक्रम | १ लाख ६० हजार | ब्यडमिन्टन खेल | ६० हजार | |
| | | | मेला महोत्सब व्यवस्थापन | १ लाख | |
| २ | बिबिध खर्च | ३ लाख | बिबिध खर्च | ३ लाख २५ हजार | २५ हजार थप |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | १ उत्कृष्ठ कृषक प्रोत्साहन<br>२ सिर्जनशिल महिला कृषी सहकारी फलफुल र सागसब्जिको बेर्ना उत्पादन | ४३ हजार<br>१ लाख | सिर्जनशिल महिला कृषी सहकारी इलेक्ट्रिक मदानी वितरण | १ लाख ४३ हजार | |
| ३ | पञ्चमी मेला तथा खेलकुद | १ लाख | देउराली खोपकेन्द्र शौचालय निर्माण | १ लाख | |
| ३ | लिचिको विरुवा वितरण | १ लाख | लिचिको विरुवा ५० प्रतिशत अनुदानमा वितरण | १ लाख | |
| ४ | बिबिध कार्यालय खर्च | ३५०००० | जनभवन खानेपानी व्यवस्थापन र घेराबारा | २ लाख | |
| ४ | गुरॉस समुह स्टोर घर निर्माण | १ लाख | तिल्केनी आ वि भवन रड रोकन | १ लाख | |
| ५ | टोल बिकास संस्थाको संयोजकलाइ सञ्चार खर्च | ४५ हजार | हटाएर (वडाकार्यालय शौचालयमा समाबेश) | | |

## नयाँ योजनाहरु

| वडा नं | आयोजनाको नाम | बिनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | यासोक खानेपानी तथा मर्मत | २ लाख | |
| १ | यासोक बजार फिक्कल ग्रिन रोड बृक्षारोपण | १ लाख ५० हजार | |
| १ | पापोहाङ लावती भवन झ्याल ढोका र ग्रिल निर्माण | २ लाख ५० हजार | |
| १ | बधशाला व्यवस्थापन | ५० हजार | |
| १ | चेकेटेम राजा रानिको दरवार पुस्तक प्रकाशन सहयोग | ५० हजार | |
| १ | पृथ्वि मा बि हिरक महोत्सव स्मारिका प्रकाशन | १ लाख | |
| २ | आछिहाङ कुलो मर्मत | २ लाख | |
| २ | सिमलबोटे जन भवन सिढि तथा नाली निर्माण | ३ लाख ३० हजार | |
| २ | खेत यम्बा कुलो मर्मत | १ लाख | |
| २ | चारमाने खानेपानी मर्मत | ५० हजार | |
| २ | मेला महोत्सब प्रचार प्रसार | २५ हजार | |
| ३ | महतप्पा एडिबि कुवा चन्द्रोदय आ वि मोटरबाटो निर्माण | २ लाख | |
| ३ | त्रिभुवन आ वि खेलमैदानको भितामा ग्याबिन वाल | ३ लाख | |
| ३ | किरातेश्वर महादेव शिवालय रडरोकन र शौचालय | १ लाख | |
| ३ | पधेरेखेतबाट आसपाते कोरिडोर जोड्ने मोटरबाटो | १ लाख | |
| ३ | कार्यालय सञ्चालन तथा बिबिध खर्च | १ लाख | |
| ४ | स्वास्थ्य चौकी रानिगाउँ आवश्यक सामाग्री खरिद | २ लाख | |
| ४ | साबिक रानीगाउँ १ टाँडीखेत कुलो मर्मत | २ लाख | |
| ४ | चोलुङ पार्कव्यवस्थापन | ४ लाख | |

| | | | |
|---|---|---|---|
| ५ | वडा कार्यालयल मर्मत रंगरोकन तथा शौचालय | ४ लाख ७५ हजार | |
| ५ | हिमालय आ वि कम्पाउण्ड घेराबारा (थप) | १ लाख | |
| ५ | नकेटे खोपकेन्द्र शौचालय निर्माण | १ लाख | |
| ५ | सामुदायिक भवनको लागि खानेपानी ड्रम खरिद | ५० हजार | |
| ५ | काफलबोटे पोखरी मर्मत | ३० हजार | |
| ५ | यासोक क्याम्पसमा अध्ययनरत विद्यार्थी छात्रबृती | ९० हजार | |
| गा पा स्तरका आयोजनाहरु | स्थानीय पाठ्यक्रम निर्माण कक्षा ४, ६ र ७ | २ लाख | |
| | स्थानीय पाठ्यक्रम छपाइ कक्षा (३-८) | ८ लाख | |
| | पञ्जिकरणको डिभाइस खरिद | २ लाख ५० हजार | |
| | सवारी साधन इन्धन | ४ लाख | |
| | सवारी साधन मर्मत | ३ लाख | |
| | ३ नं वडा कार्यालय फर्निचर | ५ लाख | |
| | परामर्श सेवा (MTF र स्वास्थ्य सेवा सहयोग नियमावली) | ४ लाख | |
| | सामाजिक लेखापरिक्षण | ३ लाख | |
| | खोरेत भ्याक्सिन कार्यक्रम | ३ लाख | |
| | १५ शैया अस्पताल फर्निचर | ५ लाख | |
| | कुम्मायक स्पोटिङ क्लब | ५ लाख | |
| | पृथ्वि मा बि अक्षयकोष स्थापना | १० लाख | |
| | सब-बाहन खरिद | ६ लाख ९४ हजार | |
| | सहकारी शिक्षा | १ लाख ७५ हजार | |

आयोजना तथा कार्यक्रम परिबर्तन

| सि नं | साबिक आयोजना | बिनियोजित रकम | परिवर्तित आयोजनाको नाम | रकम |
|---|---|---|---|---|
| १ | अपाङ्गता रोकथाम कार्यक्रम (पहेलो कार्डलाइ आर्थिक सहायता) | ५ लाख | १ न्यू लाइफ गोस्पल चर्च घेराबारा<br>२ पिपलबोटे शौचालय निर्माण<br>३ निशुल्क रक्तदान अनुदान रेडक्रस | २ लाख<br>२ लाख ५० हजार<br>५० हजार |
| २ | साझेदारी कार्यक्रम | २८ लाख १५ हजार २ सय ४८ | १ सब-बाहन खरिद<br>२ फिक्कल खोपकेन्द्र निर्माण<br>३ प्रतिभा पहिचान ५०% साझेदारी<br>४ बिद्युत व्यवस्थापन | ७ लाख<br>२ लाख<br>२ लाख<br>२ लाख |
| ३ | करार सेवाशुल्क | १ करोड ३५ लाख | दन्त शिबिर सञ्चालन | १० लाख |
| | | | कृषि उपज बजारी करण अनुदान | ५ लाख |
| | | | गरिब तथा असहाय ११/१२ मा अध्ययनरत बिद्यार्थि छात्रबृती | २ लाख |
| | | | सार्वजनिक सम्पति मर्मत | ३ लाख |

गत विगतको भुक्तानी

| सि नं | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| १ | विद्यालयहरुमा जडान गरिएको पानि फिल्टर | ९ लाख ४० हजार | |
| २ | बकेट र ब्रेकर खरिद घडा नं २ | ८ लाख७२ हजार | |
| ३ | चोलुङ पार्क फाउन्टेन तथा अन्य व्यवस्थापन | ४ लाख | |
| ४ | महेन्द्रोदय बिद्युत पोल सार्ने | ५ लाख | |
| ५ | महिला स्वयंसेविका थप सुबिधा | २१ लाख ६० हजार | |
| | अवकास सुबिधा | ५० हजार | |
| ६ | फेस्टिबल लाइट | २ लाख १६ हजार | त्रिशाली पूजा तथा मेला |
| ७ | माङ्जाबुङ स्वास्थ्य चौकीमा कार्यरत अ न मी १, का स १ र वडा नं २ मा कार्यरत का स १ को २०८१ जेष्ठ र असारको तलब भत्ता एवं पारिश्रमिक भुक्तानी (छुट भएको) | तोकिएको पारिश्रमिक | करार सेवा शुल्क शिर्षकबाट |

**निर्णय नं २ बिपद् पडितहरुका लागि आर्थिक सहयोग सम्बन्धमा**

यस गाउँपालिकामा विभिन्न मितिमा भएका विभिन्न बिपदका राहत माग भएका तपशिल बमोजिमका स्थानहरुको स्थलगत निरिक्षण अनुगमन गरी विपद व्यवस्थापन कोष संञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ अनुसार मिति २०८१।०९।२६ गते पेश गरेको प्रतिवेदनका आधारमा बिपद्कोषबाट खर्च लेख्ने गरी तपशिल बमोजिम हुने निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र.स. | निवेदकको नाम थर | ठेगाना | राहत माग | मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | तेज बहादुर चेम्जोङ | कुम्मायक-५ दुम्सिपोखरी | पहिरोले घरको छाल्कीको माटो बगाएको | २०८१।०६।१२ | आंशिक क्षति भएकोले रु. १००००।- दिने |
| २ | भक्त बहादुर बुढाथोकी | कुम्मायक-५ | गोठमा आगलागि (भुल्के) | २०८१।०९।०६ | गोठमा राखेको खाद्यन्य समेत पूर्ण रुपमा क्षति भएको देखिएकोले रु. १५०००।- दिने |
| ३ | भगिरथ वि.क. | कुम्मायक-४ | बर्षातको कारणले घर भत्किएको | २०८१।६।१२ | मानिस बसोबास नभएकोले राहात दिनु उपयुक्त नहुने |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | पदम कुमार विश्वकर्मा | कुम्मायक-४ | पहिरोले घर जोखिम तिइदेन | २०८१।०६।१२ | वान्थाक यासोक बजार कालोपत्रे मोटरबाटोमा पहिरो गई आगन पुरिएकले निर्माण व्यवसायीसंग समन्वय गरी हटाउनु पर्ने |
| ५ | मान बहादुर गजमेर, सन्चमाया गजमेर समेत | कुम्मायक-२ | अविरल बर्षाको कारण घर जोखिममा | २०८१।६।१२ | बढी बर्षात हुँदा बस्ति बग्ने जोखिम देखिएकोले दिर्घकालिन समस्या समधान गर्नको सुरक्षित स्थान पहिचान गरी बस्ति सार्नु पर्ने देखिन्छ। |
| ६ | बसन्त सेर्मा | कुम्मायक-२ | अविरल बर्षाको कारण घर जोखिममा | २०८१।६।१२ | आंशिक क्षति भएकोले रु. १०००६।- दिने । |
| ७ | देविलाल सेर्मा | कुम्मायक-२ | अविरल बर्षाको कारण भान्साघरमा पूर्ण क्षति | २०८१।६।१२ | रु ५०००।-राहत दिने |
| ८ | सदरमान सेर्मा | कुम्मायक-२ | अविरल बर्षाको कारण भान्साघरमा पूर्ण क्षति | २०८१।६।१२ | रु ५०००।- राहत दिने |
| ९ | पुष्पा विश्वकर्मा | कुम्मायक-२ | अविरल बर्षाको कारण उत्तरपट्टीको पर्खाल लडेर घर जोख्खिम घरमा बस्न जोखिम रहेकोले २ नं. वडा कार्यालयले घडेरी समेत खनेको । | २०८१।६।१२ | रु. २००००। राहात र संघिय ससर्त अनुदानको सुरक्षित आवास कार्यक्रम बाट छादनको कार्यक्रममा समाबेश गराउने |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | राम प्रसाद सेर्मा | कुम्मायक-२ | आगोलागीको कारण घर खोल्मामा पूर्ण रुपमा घर तथा सामानहरुको क्षति भएको | २०८१।०७।०७ | त्रिपाल सहित रु. २००००।-, १ बोरा चामल, २ वटा सिरक र संघिय ससर्त अनुदानको सुरक्षित आवास कार्यक्रममा समाबेश गराउने |
| ११ | टिकमान सेर्मा | कुम्मायक-२ | पहिरोमा परी पुर्ण रुपमा घरको क्षति | २०८१।६।१२ | रु. २००००।-१ बोरा चामल, २ वटा सिरक र संघिय ससर्त अनुदानको सुरक्षित आवास कार्यक्रममा समाबेश गराउने |
| १२ | बल बहादुर समाल | कुम्मायक-२ | पहिरोमा परी पुर्ण रुपमा घरको क्षति | २०८१।६।१२ | रु. २००००।- र संघिय ससर्त अनुदानको सुरक्षित आवास कार्यक्रममा समाबेश गराउने |
| १३ | दधिराम भुजेल | कुम्मायक-२ | अविरल ब्रर्षाको कारण घर बस्न जोखिम बस्न नमिल्ने | २०८१।६।१२ | रु. २००००। दिने |
| १४ | ज्ञानेन्द्र बहादुर नेपाली | कुम्मायक -३ | बर्षातका कारण घर पूर्ण रुपमा क्षति | २०८१।६।१२ | रु. २००००।-१ बोरा चामल, २ वटा सिरक र संघिय ससर्त अनुदानको सुरक्षित आवास कार्यक्रममा समाबेश गराउने |
| १५ | भिम चम्लागाई | कुम्मायक-४ | अबिरल बर्षाका कारण पहिरोले आंशिक क्षति | २०८१।६।१२ | राहात उपलब्ध गराउनु नपर्ने । |
| १६ | बर्ण बिक्रम लिम्बु | कुम्मायक-४ | आगोलागिबाट घर खोल्मामा क्षति | २०८१।१।२० | रु. २००००।- र संघिय ससर्त अनुदानको सुरक्षित आवास कार्यक्रममा समाबेश गराउने |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | विरेन्द्र प्रधान | कुम्मायक-४ | बर्षातको कारण घर छेउमा सामान्य पहिरो गएको | २०८१।६।१२ | राहत स्वरुप त्रिपाल विरतण गरिएको र घर लाई पहिरोबाट जोखिम मुक्त गर्नको लागी स्थानीयको लागत साझेदारीमा वाल निर्माण गर्न |
| १८ | चन्द्र गोपाल आचार्य | कुम्मायक-४ | बर्षातको कारण घर छेउमा सामान्य पहिरो गएको | २०८१।६।१२ | राहत स्वरुप त्रिपाल विरतण गरिएको र घर लाई पहिरोबाट जोखिम मुक्त गर्नको लागी स्थानीयको लागत साझेदारीमा वाल निर्माण गर्नु |
| १९ | खाल्डे मा.वि. | कुम्मायक-१ | बर्षातका कारण बिद्‌यालयको उत्तरपटीको भाग खस्ने गरेकोले जोखिम | २०८१।६।१२ | क्षति भएका झ्याल ढोका मर्मतको लागी रु. १००००।- दिने |
| २० | पृथ्वी मा.वि. | कुम्मायक- १ | पहिरोले आधारभूत तहको बालबिकासका २ वटा कक्षाका झ्यालमा क्षति | २०८१।०६।१२ | झ्याल मर्मत तथा पहिरो पन्छाउन रु ५०००।- दिने |
| २१ | छोरुङ्गा खोला | कुम्मायक १र २ | पहिरोले सिचाई पाइप बगाएको । | | अन्दाजी ६५ मि. २०० mm को पाईप व्यवस्था गर्ने |
| २२ | नारद खनाल | कुम्मायक ४ | बर्षातको कारण घर छेउमा सामान्य पहिरो गएको | २०८१।६।१२ | राहत स्वरुपं त्रिपाल विरतण गरिएको र घर लाई पहिरोबाट जोखिम मुक्त गर्नको लागी स्थानीयको लागत साझेदारीमा वाल निर्माण गर्नु पर्ने |